# नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडलद्वारा सार्वजनिक गरिएको आर्थिक विकासको अवधारणा

जय नेपाल, नमस्कार !

हामी आगामी निर्वाचनको सङ्घारमा छौँ ।

मलाई थाहा छ- यो निर्वाचनलाई तपाईंहरूले, विशेष गरी आम नागरिक र हाम्रा युवा साथीहरूले विशेष महत्त्वका साथ हेरिरहनुभएको छ । देशमा व्याप्त निराशा, लामो समयदेखि देश विकास र सम्बृद्धिको पर्खाइ र गत भदौ २३ र २४ मा भएको जेन जी विद्रोह- यी सबैले आगामी निर्वाचनलाई केवल आवधिक चुनाव मात्र होइन, एउटा क्रमभङ्गताको रुपमा माग गरिरहेको छ ।

चिया पसलदेखि तारे होटेल - चोक-चौतारी, सार्वजनिक वृत्तदेखि सामाजिक सञ्जाल र मिडियासम्म एउटै बहस छ– कसलाई रोज्ने ? किन रोज्ने ?

नागरिकले सोधिरहेका छन्, के सबै पार्टीका एजेन्डा उस्तै छन् ?  के यो निर्वाचनमा पनि पुरानै आश्वासन, पुरानै सपना र बाचाको नयाँ संस्करण मात्र  हो ? कि साँच्चै केही फरक, केही नयाँ र प्रष्ट कार्यदिशा पनि निर्धारण गर्नेछ ?

जनमानसले जान्न चाहेको अर्को मुख्य कुरा- तिम्रा विकास, सुशासन र समृद्धिका योजनाहरू के के हुन् ?  के ती योजनाहरूले हावामा महल बनाउने कोरा सपना मात्र बोकेका छन् कि तिनले जमिन पनि टेकेका छन् ?

यि र यस्तै, सयौं प्रश्नहरू हाम्रा अगाडि छन् ।  आम नागरिकको चासो छ, चिन्ता छ र सबैभन्दा ठूलो कुरा,नेपाली कांग्रेसलाई सबैले निकै सुक्ष्म रूपमा नियालिरहनुभएको छ ।

माथि उठाइएका ती प्रश्नहरू- चाहे त्यो लोकतन्त्रप्रतिको हाम्रो अटुट निष्ठा होस्, अधिकारको बाँडफाँट समेतको सङ्घीयताको सबलीकरणप्रतिको बुझाइ होस् वा हाम्रा विकासका सोच तथा योजनाहरूको धरातलीय यथार्थ– यी प्रत्येक प्रश्न तथा जिज्ञासामा विषयमा नेपाली कांग्रेसको वृहत र प्रष्ट मार्गचित्र छ । सुस्पष्ट दृष्टिकोण छ ।  जसका बारेमा म आगामी श्रृङ्खलाहरूमा विस्तृतमा चर्चा गर्ने नै छु ।

तर, आजको यसमा भने म केवल- अबको आर्थिक रूपान्तरणको सवालमा मात्र केन्द्रित हुनेछु ।

मेरो दृढ विश्वास छ- जबसम्म हामीले देशको अर्थतन्त्रलाई उत्पादनमुखी र आत्मनिर्भर तथा बचतयुक्त अर्थात् Surplus बनाउन सक्दैनौं, जबसम्म समृद्धिको यात्रामा उत्साहका साथ आम नागरिक जोडिदैनन् तबसम्म समृद्धिका सवालमा गरिने अन्य सबै बहसहरू केवल सैद्धान्तिक मात्र हुनेछन् । त्यसैले, आउनुहोस् - नेपाली कांग्रसको केही आधारभूत अवाधारणा अर्थात कन्सेप्ट वा हामी आगामी दिनमा कसरी काम गर्ने छौं ? हाम्रो काम गर्ने शैली कस्तो हुनेछ ? भन्ने विषयमा हामीले अघि सार्ने नवीन आर्थिक दिशाका बारेमा गहन छलफल गरौं ।

हामीले यो पनि गर्छौं, त्यो पनि गर्छौं भनेर मात्र हुँदैन । एउटा पार्टीको जीवन्त धारणा त्यो हो जसको जग इतिहाससँग जोडिएको हुन्छ, जसको भविष्य- स्पष्ट सिद्धान्त, नीति र कार्यक्रमले बनेको हुन्छ र त्यसको कार्यान्वन नेतृत्वको इमानदार प्रयत्न र आम सदस्यको अपनत्वले मात्र सम्भव हुन्छ ।

श्रदेय नेता - स्वर्गीय प्रदीप गिरीले भन्नुभए जस्तै– कुनै पार्टीले भोलि कस्तो काम गर्छ भनेर अनुमान गर्न, आजको उसको चरित्र, कार्यशैली, व्यवहार, विरासत र उसको विगत हेर्नुपर्दछ ।

यसकारण, हाम्रो सबै भन्दा पहिलो ध्यान र ऊर्जा आफू बदलिने र सँगै देश बदल्ने सङ्कल्पमा केन्द्रित हुनेछ। हामी केवल राम्रा योजनाहरूको फेहरिस्त मात्र बनाउने छैनौं, ती योजनाहरूलाई कार्यान्वयन गर्न सक्ने इमानदार, सक्षम र जवाफदेही संयन्त्रको निर्माण गर्नेछौं,

आज हामीलाई लार्जर देन लाइफ (Larger than life) देखिने नेता होइन, नागरिकको दैनिकी सहज बनाउने बलियो र जवाफदेही प्रणाली चाहिएको हो । लोकतन्त्र भनेको नै नेता वा शासकको जयजयकार गर्ने भिडतन्त्र होइन, यो त नागरिकको सार्वभौमसत्ता र सहजताको सुनिश्चितता गर्ने विधि हो ।

यो भन्नुको अर्थ के हो भने–लोकतन्त्रमा "व्यक्ति" होइन "संस्था" बलियो हुनुपर्छ । लोकतन्त्रको केन्द्रमा कुनै शासक होइन वा व्यक्ति होइन, आम नागरिक हुनुपर्दछ ।

आउनुहोस्, अब हामी नेपाली कांगेस कसरी अघि बढ्छ भन्ने विषयमा छलफल गरौ-

नेपाली कांग्रेसले- आगामी दिनमा अघि सार्ने नवीन आर्थिक मार्गचित्र- वितरणमुखी अर्थतन्त्रबाट उत्पादनमुखी प्रणालीको निर्माण गर्न ऐतिहासिक यात्राको प्रस्थान गर्नेछ । यस प्रणालीमा नागरिकलाई राज्यप्रति आश्रित बनाउने होइन, बरु उनीहरूलाई उद्यमी, आत्मनिर्भर र सक्षम बनाउनु हुनेछ ।

हाम्रो प्रष्ट दृष्टिकोण छ - पुँजी निर्माण तथा सम्पत्ती सञ्चयले मात्रै गरिबी निवारण र सामाजिक न्यायको आधारलाई दिगो र बलियो बनाउँछ। हरेक नेपालीलाई प्रगतिको आकाश छुने र असीमित कमाउने पूर्ण स्वतन्त्रता हुनेछ । तर, प्रगतिको यो दौडमा कोही पनि अभावको खाडलमा पर्न नपरोस भन्नका लागि राज्यले एउटा बलियो आर्थिक सुरक्षाको भुइँ अर्थात् क्वाभतथ ँयियच अर्थात् क्वाभतथ ल्भत निर्माण गर्नेछ ।

हाम्रो अर्थतन्त्रको मूल आधार र पहिलो प्रमुख औजार ज्ञानमा आधारित अर्थतन्त्र अर्थात् Knowledge–Based Economy निर्माणमा केन्द्रित हुनेछ । यससँगै हाम्रा विद्यमान आर्थिक शक्तिहरू जस्तै युवा जनसङ्ख्या, कृषि, पर्यटन, स्वच्छ ऊर्जा र अन्य प्राकृतिक स्रोत साधनको क्षेत्रलाई थप सुधार गर्ने, व्यवस्थित बनाउने र आधुनिकीकरण गर्दै सशक्त आर्थिक विकासको औजारका रूपमा प्रयोग गरिनेछ ।

यस मार्गचित्रको सफल कार्यान्वयनका लागि हामीले छरिएका कानुन वा नीतिहरू बिच नीतिगत तालमेल मिलाई लगानी र उद्यमका लागि अत्यन्त सहज बनाउनेछौँ । नेपाललाई विश्व बजारसँग जोड्न हामीले आर्थिक कूटनीति र भूआर्थिक पुल अर्थात् Geo–economic Bridge को अवधारणा अघि सार्ने छौँ ।

हामीलाई थाहा छ - उचित मार्गचित्र बिनाको यात्रा गन्तव्यहीन हुन्छ । त्यसैले, हामीले सबैभन्दा पहिला यो बृहत्तर र स्पष्ट आर्थिक मार्गचित्र तय गरेका हौँ । यो मार्गचित्रमा हाम्रो सामूहिक दृष्टि स्पष्ट बनाउने छौँ र यसैको बलियो जगमा टेकेर समयको माग र आवश्यकता अनुसारका उपयुक्त योजनाहरू, कार्यक्रमहरू र विशिष्ट आयोजनाहरूलाई क्रमशः यसमा फिट गर्दै लैजानेछौँ ।

## वैचारिक संक्रमण र पहिचानको सङ्कट

नेपालको अर्थ-राजनीति सधैँ गम्भीर दार्शनिक विरोधाभासको चपेटामा छ । एकातिर नेपाली कांग्रेसले २०४८ पछी अङ्गीकार गरेको खुला बजार अर्थतन्त्र र उदारीकरणको नीति अर्कोतिर, कम्युनिस्ट वामपन्थी शक्तिहरूले भन्दै आएको वा निर्माण गर्न खोजेको राज्य नियन्त्रित र वितरणमुखी अर्थतन्त्र । यी दुई फरक धारको बिचमा लामो समयसम्म रुमल्लिँदा हामीले आर्थिक विकासको गतिलाई अपेक्षित रूपमा अघि बढाउन सकेका छैनौँ ।

विसं.२०४६ सालको राजनीतिक परिवर्तनसँगै नेपाली कांग्रेसले खुला बजार अर्थतन्त्र र उदारीकरणको नीति अङ्गीकार गऱ्यो । यसै नीतिले नै मुलुकको अर्थतन्त्रको आकार बढाएको छ । कतिपय मानवीय तथा सामाजिक सूचकाङ्कहरूमा सुधार आएको छ भने पूर्वाधार विकासले गति लिएको छ ।

यस नीतिका कारण नै आज गाउँ-गाउँमा शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका योजनाको पहुँच पुगेको छ । तर, तिनको गुणस्तर सुधार्न हामीले अझै धेरै काम गर्न बाँकी नै छ । अन्ततः आज सम्म आइपुग्दा यहि कांग्रेसको आर्थिक नीतिलाई नै आत्मसाथ गरेर देशको अर्थतन्त्र अघि बढिरहेको छ ।

त्यसैले, नागरिकलाई सधैं राज्यप्रति मात्र निर्भर राखेर होइन, उनीहरूलाई आर्थिक रूपमा सक्षम, उद्यमी र सम्पन्न बनाएर नै लोकतान्त्रिक समाजवाद हासिल गर्न सकिन्छ भन्ने हाम्रो मान्यता हो । वीपी कोइरालाले भन्नु भए जस्तै - समाजवाद भनेको गरिबीको वितरण होइन भन्नु, पुँजीको निर्माण र सम्पतिको सञ्चय बिना समाजवादको कल्पना गर्नु भनेको अन्ततः अभावको वितरण गर्नु मात्र हो ।

यस्तो विचारले राष्ट्रिय अर्थतन्त्रलाई एक गतिशील र विस्तारयोग्य प्रणालीको सट्टा, एक स्थिर र राज्यलाई भण्डारको रूपमा व्याख्या गर्ने र ढुकुटीबाट निकालेर बाँड्न प्रोत्साहन गर्छ ।

जब राज्यको मूल नीति नै लगानी र उद्यमशीलतालाई प्रवर्धन गर्नुको साटो नियन्त्रण र वितरणमा मात्र केन्द्रित हुन्छ तब अर्थतन्त्रमा 'इनोभेसन' र प्रतिस्पर्धाको स्थान सङ्कुचित हुन्छ । यस्तो दृष्टिकोणले हाम्रो मुलुकलाई समृद्धिको बाटोमा लैजानुको सट्टा, मागेर भए पनि वितरण गर्ने परनिर्भरतालाई नै संस्थागत गर्दै गएको छ ।

अर्कोतिर, विकसित देश वा आधुनिक अर्थशास्त्रको मान्यता राख्ने देशहरूको अभ्यास यो भन्दा नितान्त फरक छ । उनीहरुको नीति र अभ्यासले भन्छ- अर्थतन्त्र सधैं स्थिर र सिमित हुदैन; यो मानव मस्तिष्कको सिर्जनशीलता जस्तै असीमित हुन्छ ।

जब एक उद्यमीले जोखिम मोलेर नयाँ उद्योग खोल्छ वा नयाँ सफ्टवेयर बनाउँछ भने उसले समाजमा नयाँ मूल्य सिर्जना गरिरहेको हुन्छ । यहि सिर्जनशिल विचार र प्रगतिले नै आजको मानव जीवन हिजो भन्दा सहज र सरल बन्दै गएको छ । अत्याधुनिक जीवन रक्षक औषधि, सुविधायुक्त सवारी साधन हुन् वा जटिल भन्दा जटिल कामलाई समेत फत्ते बनाउने उपकरणहरूको आविष्कारले हाम्रो दैनिकीलाई कल्पनाभन्दा बाहिरको सहजता प्रदान गरेको छ ।

विज्ञान र प्रविधिको अभूतपूर्व विकासले मानव जीवनको परिभाषा नै बदलिदिएको छ । सूचना प्रविधिमा आएको क्रान्तिले विश्वलाई एउटा सानो गाउँमा परिणत गरिदिएको छ । यी सबै उपलब्धिहरू कुनै एक व्यक्तिको सनक वा राज्यको आदेशले होइन बरु मानिसको स्वतन्त्र सोच्न सक्ने क्षमता र राज्यले दिएको खुला वातावरणमा गरिएको अनुसन्धानका प्रतिफल हुन्

। जब मानिसले स्वतन्त्रतापूर्वक सोच्ने र काम गर्ने अवसर पाउँछ तब मात्र उसले असम्भव लाग्ने कुरालाई सम्भव तुल्याउँछ ।

कल्पना गरौं त, यदि आजका यी सबै आविष्कार र उत्पादनको जिम्मा राज्यको पूर्ण नियन्त्रणमा वा निश्चित तलब खाने केही राज्यका व्यक्तिहरूको हातमा मात्र हुन्थ्यो भने के हुन्थ्यो? पक्कै पनि यति तीव्र गतिमा प्रगति सम्भव हुने थिएन ।

हामी सबैलाई थाहा छ, राज्य संयन्त्रको आफ्नै सीमितता हुन्छ; त्यहाँ "जोखिम मोल्ने" भन्दा "नियम पालना गर्ने" प्रवृत्ति हाबी हुन्छ । एउटा सानो निर्णय गर्न वा नयाँ विचार लागु गर्न दर्जनौं निकाय र टेबलहरू चाहार्नुपर्ने, कागजी प्रक्रिया र कानुनी अड्चनहरू पार गर्नुपर्ने हुन्छ । यस्तो प्रक्रियागत ढिलासुस्तीले सृजनशीलतालाई रोकिदिन्छ । त्यसैले नेपाली कांग्रेसले निर्माण गर्ने अबको आर्थिक नीतिको पहिलो आधार भनेको - ज्ञानमा आधारित अर्थतन्त्रको कानुनी जग निर्माण गर्ने हो ।

ज्ञानमा आधारित अर्थतन्त्रको जग निर्माण

ज्ञानमा आधारित अर्थतन्त्रको भनेको के हो ? वा कस्तो हो ? भन्ने विषयलाई एउटा उदारहणबाट हेरौं - आज हाम्रा विमानस्थलमा विदेश जान लाममा उभिएका ती युवाहरूले आफ्नै देशमा केही गर्न पाए हुन्थ्यो भन्ने तीव्र हुटहुटीलाई व्यवहारिक रुपमा समाधान खोज्नु पर्ने छ । विदेशिनु पर्ने यस वाध्यताको समस्यालाई सम्बोधन गर्न केवल भावुक भाषण दिएर वा येति रोजगारी सिर्जना गर्छौं भनेर घोषणा पत्रमा लेखेर मात्र पुग्दैन ।

यसको दिगो समाधान खोज्न यसलाई एउटा जीवन्त आर्थिक प्रणाली बनाउनु पर्छ अर्थात् कामयाव इको-सिस्टम (Eco–system) निर्माण गर्नु पर्छ । इको-सिस्टम सुन्दा हामी कसैलाई अलि जटिल लाग्न सक्छ, तर यसलाई थप एउटा उदाहरणबाट बुझौं– यो सिस्टममा कसरी एउटा विषय अर्को सँग जोडिएको हुन्छ र त्यसले एउटा वृहत्तर प्रणालीमा रहेर काम गर्छ ।

जस्तै, रोजगारीका लागि विदेशिनु पर्ने वाध्यतालाई हल गर्न हामीले हाम्रो अर्थतन्त्रलाई विप्रेषण (Remittance) अर्थात् पसिना बेच्ने बाटोबाट ज्ञान निर्यात (Knowledge Export) को बाटोतर्फ लैजान योजना ल्याउन सक्छौं । यस योजना कार्यन्वयन गर्न हामीले डिजिटल अर्थतन्त्र तथा स्टार्टअप प्रवर्द्धनका लागि विशेष नीति ल्याउन पर्छ र, यो नीतिको मुख्य काम नै युवाहरूको नवीन सोचलाई 'बौद्धिक पुँजी' का रूपमा मान्यता दिनु हुनेछ। तर, के एउटा कागजको नीति बनाउँदैमा हाम्रा युवाहरू नेपालमै स्टार्टअप वा नयाँ उधम खोल्न तयार हुन्छन् त? पक्कै हुँदैनन् ।

किन ?  अझ गहिरिएर हेरौँ ।

हामीले भने जस्तो युवालाई स्टार्टअपको लागि तयार पार्न आवश्यक पर्ने पहिलो कडी हो– वैज्ञानिक तथा जीवनपयोगी शिक्षा र सीप । त्यो ज्ञान वा सीप कहाँबाट आउँछ ? पक्कै पनि हाम्रा विद्यालय र विश्वविद्यालयहरूबाट । तर, के आजका हाम्रा विश्वविद्यालयहरूले विश्व बजारले मागेको जस्तो व्यावसायिकता वा आर्टिफिसियल इन्टेलिजेन्सको ज्ञान र सिप  वा आधुनिक डिजिटल प्रणालीसँग अन्तर-घुलन हुने कार्य-कुशलता वा तालिमका बारेमा विकसित देशमा जस्तै गरि सिकाउन सक्छन् ? पक्कै सक्दैनन् ।

त्यसैले अब हामीले यस्तो ज्ञान र सिप प्रदान गर्न हाम्रा विश्वविद्यालयलाई अनुसन्धान र आविष्कार केन्द्र (Research & Innovation Hub) का रूपमा बदल्नु पर्ने हुन्छ । जब शिक्षा उत्पादन प्रणालीसँग जोडिन्छ, तब मात्र हाम्रा युवाहरू विश्व बजारको प्रतिस्पर्धामा उत्रिन सक्छन् ।

अब मानौँ, हाम्रा युवाले सीप पनि पाए, उद्योग खोले वा व्यवसाय सुरु गरे र उत्पादन पनि गरे तर त्यो सामान वा सेवा विश्व बजारमा बेचेर पैसा कसरी ल्याउने ? यहाँ आएर हाम्रो परराष्ट्र तथा आर्थिक नीति जोडिन्छ । हाम्रा आर्थिक कूटनीति वा सहज कारोबार सम्बन्धि नीति नियम आकर्षित हुन्छन् ।

त्यसोभए, के आजको परराष्ट्र नीतिले वा बाह्य आर्थिक कारोबार सम्बन्धि नीतिले हाम्रो डिजिटल उत्पादनलाई विश्वबजारमा बेच्न र त्यसको भुक्तानी नेपालको बैंकमा वा व्यवसाय गर्ने व्यक्तिको खातामा ल्याउन कति सहज छ? पक्कै पनि गाह्रो छ । यहाँ भुक्तानीका लागि पेमेन्ट गेटवेका कानुनी बाधक हुन सक्छन् । त्यसैले हाम्रो कूटनीति अब आर्थिक कूटनीति ( Economic Diplomacy) मा रूपान्तरण हुनुपर्छ भने र पेमेन्ट गेटवेका कानुनी सहज बन्नु पर्छ अनि मात्र विश्व बजारको ढोका   खुल्छ ।

अब, यसलाई एउटा “बक्स” भित्र राखेर हेर्दा के देखिन्छ भने– एउटा युवालाई नेपालमै टिकाउन स्टार्टअप कानुन, शिक्षा ऐन, बैंकिङ कानुन र परराष्ट्र नीति सबैले एकै लयमा काम गर्नुपर्छ ।  विश्वविद्यालय सुध्रियो तर बैंकिङ च्यानल सुध्रिएन भने पैसा नआउने रहेछ। बैंकिङ सुध्रियो तर प्रशासनिक झमेला हटेन भने व्यवसाय सुरु गर्न नसक्ने रहेछ । त्यसैले, हामीले एउटा मात्र होइन, धेरैतिरका कानुनहरू, नियमहरू वा नीतिहरु एकसाथ चलाउनुपर्ने हुन्छ । तिनलाई सुधार गरेर सहज बनाउनु  पर्ने हुन्छ ।

यो त एउटा उदाहरण मात्र हो ।  डिजिटल अर्थतन्त्र र स्टार्टअपको कुरा गर्दा हामीले जसरी एउटा निकायको नीति वा नियम - अर्को निकायको नीति वा नियमसँग कसरी जोड्छ भनेर हेर्‍यौँ ।  यसैगरी, हामीले अरु क्षेत्र जस्तै –कृषि, ऊर्जा, पर्यटन र उद्योग लगायतका अर्थतन्त्रसँग

जोडिएका थुप्रै विषयमा यसरी नै के गर्ने र कसरी गर्ने भनेर एकीकृत दृष्टिकोण हामीलाई चाहिन्छ । हामीलाई राम्रोसँग थाहा छ- एउटा किसानको आम्दानी बढाउन उसलाई केवल बिउ दिएर मात्र पुग्दैन, उसलाई सिँचाइ, प्रविधि, बाली बीमा, बजार, सडक र भण्डारण लगायतको पूरै इको-सिस्टम चाहिन्छ, जुन एउटा व्यक्ति वा एउटा मात्र मन्त्रालयको प्रयासले सम्भव छैन ।

त्यसैले, आजको हाम्रो समस्या कुन क्षेत्रमा के गर्ने भन्ने योजनाको कमी होइन । हामी सबैलाई थाहा छ - कृषिमा आधुनिकीकरण गर्ने, पर्यटनमा सङ्ख्या र गुणस्तर सुधार गर्ने, स्वच्छ उर्जाको विकासमा लगानी गर्ने, रोजगारी सिर्जना गर्ने, शिक्षालाई जीवन उपयोगी बनाउने, स्वास्थ्यलाई सहज, सुलब र गुणस्तरीय बनाउने, यस्तै यस्तै थुप्रै योजना हामी सबैलाई कण्ठस्तै छ ।

तर, यस्ता योजना र कार्यक्रम भन्दा र सुन्दा जति सजिला छन् तिनको कार्यन्वयन अत्यन्तै जटिल छ । त्यसैले, माथि हामीले भनेको युवालाई स्वदेशमै रोजगारी दिने र उधमशिलातामा जोड्ने कुरा कृषि देखि उधोग खोल्ने-चलाउने सबै तिर जोडिन्छ । यी काम गर्न भनेर हामीसँग अहिले पनि विभिन्न मन्त्रालय र निकाय छन् तर किन अपेक्षित रुपमा काम हुन सकिरहेको छैन भन्ने तथ्य हामीले पत्ता लागाउनु पर्छ र त्यसको समधान खोज्नु पर्छ ।

त्यसैले, हामीले परिकल्पना गरेको यो आर्थिक विकासको नीतिले सबै भन्दा पहिला अर्थतन्त्रका यी सबै जेलिएका गाँठोहरूलाई एकसाथ फुकाउनेछ । एउटा मन्त्रालयले बाटो खोल्दा अर्को मन्त्रालयको नियमले फाइल रोकिने पोलिसी ग्याप र प्रशासनिक जडतालाई सुधार गर्नु पर्नेछ । यसो गर्न सकेमा मात्र एउटा यस्तो सिस्टम बन्ने छ- जहाँ राज्यका हरेक अवयवहरू एउटा मेसिनको गियर जस्तै एकसाथ र मिलेर घुम्छन्, काम गर्छन्, ता कि हाम्रो विकासको पाङ्ग्रा कुनै पनि मोडमा अड्किने छैन । र, सरकार परिवर्तन हुँदा पनि कुनै राजनीतिक दलको नेतृत्व होस् वा राज्य संयन्त्रमा आएको कुनै व्यक्ति वा पात्रले त्यसलाई अवरोध गर्न सक्दैन । त्यो कानुनी जटिलतालाई कसरी फुकाउने म एकै छिन पछि चर्चा गर्ने छु ।

त्यसैले यस आधारमा टेकेर नेपाली कांग्रेसले अब केवल सपना देखाउने होइन, ती सपनालाई नतिजामा बदल्ने अपरेटिङ सिस्टम नै फेर्ने साहस गर्नेछ । जसका लागि, हामी यस्तो कानुनी र नीतिगत जग बसाल्नेछौं जसले प्रशासनिक जटिलतालाई फास्ट ट्र्याक सेवामा र अन्योललाई स्पष्ट मार्गचित्रमा बदल्नेछ । यही समग्र र वैज्ञानिक सोचका साथ नेपाली कांग्रेस तपाईंहरूको बिचमा आएको छ ताकि अबको समृद्धिको यात्रा कुनै एउटा व्यक्ति वा दलको लहडमा होइन, एउटा बलियो र स्वचालित प्रणालीको जगमा अघि बढोस् ।

यो बक्सभित्रका कुरा मात्र होइन, बक्स बाहिरका थुप्रै बाधा अड्चनहरू पनि एकसाथ हटाउनु वा जोड्न सक्नुपर्छ, त्यसको खोजि गर्ने र समाधान निकाल्ने विषय नै नेपाली कांग्रेसको अबको दृष्टिकोण हो ।

आजको समाजमा- यो योजना ल्याउँछौँ, त्यो योजना ल्याउँछौँ भनेर चर्चा बटुल्ने पुरानो शैलीबाट हामी सबै वाक्क भइसकेका छौँ । अबको हाम्रो पहिलो र वास्तविक खोज भनेको– कसरी गर्ने ? भन्ने हो । जबसम्म कसरी गर्ने ? भन्ने विषयसँग जोडिएका कडीहरूलाई एउटा जीवन्त प्रणालीमा जोड्दैनौँ, तबसम्म जतिसुकै राम्रो योजना पनि बालुवामा हालेको पानी जस्तै हुन्छ । त्यसैले, नेपाली कांग्रेसले एउटा यस्तो बलियो प्रणाली बनाउनेछ जसले देशको पुरै अर्थतन्त्रलाई गति दिनेछ । यही इको-सिस्टमको सोच नै हाम्रो आर्थिक पुनर्जागरणको पहिलो र शक्तिशाली औजार हुनेछ ।

## दोस्रो चरणको आर्थिक सुधारः कानुनी पुनारजागर्ण र औद्योगिक प्रवर्धन

सुरुमा मैले नेपाली कांग्रेसले लिएको नीतिले नै यहाँसम्म आइपुगेको सामान्य चर्चा गरे । यहाँसम्मको यात्रामा त्यस नीतिले सबै कुरा ठिक ढङ्गबाट अघि बढ्यो म भन्दिन तर त्यो नीति हुन्थेन भने सायदै हामीले आजको उपलब्धि पनि हासिल गरेका हुन्थेनौँ । त्यसैले, यसमाथि पनि थुप्रै प्रश्न छन्। सुधार गर्नु पर्ने ठाउँ धेरै छन् ।

हिजो हाम्रो नीतिले अपेक्षित रुपमा कार्य गर्न नसक्नुमा विभिन्न कारण छन्- त्यसको लेखाजोखा हामीले गर्नु पर्छ- त्यस नीतिको मुख्य समस्या त्यसको आधारभूत दर्शन भन्दा राज्यले बहन गर्नु पर्ने जिम्मेवारी तथा वित्तीय सुरक्षा सुनिश्चित गर्न नसक्नु हो । राज्यको कमजोर नियामकीय संयन्त्र, तत्कालिन समय अर्थात् २०५२ सालमा उठेको सङ्क्रमणकालीन राजनीतिक अस्थिरता र त्रास, विश्व बजारसँग प्रतिष्पर्धा गर्न आवश्यक प्रविधि, ज्ञान र सिपको अभाव, लगानी गर्नेले पनि उद्योग/ कलकारखानामा भन्दा पनि छिटो नाफा कामाउने ठाउँ वा व्यापार (Trading) मा गरेको लगानी लगायत थुप्रै कारण छन् ।

आज त्यो २०५२ सालको जस्तो राजनीतिक अस्थिरता र त्रास केहि कम भएको देखिन्छ तर अझै पूर्ण रुपमा सहज हुन सकेको छैन । प्रविधिको विकासमा केहि उपलब्धि हासिल गरेता पनि अझै धेरै काम गर्न बाँकी छ तर हिजोभन्दा आज आर्थिक विकासको वातावरणमा केहि सुधार अवश्य भएको छ । यद्धपि, अपेक्षित रुपमा उद्योग/ कलकारखाना खुल्न सकेका छैनन् र रोजगारी सिर्जना पर्याप्त हुन सकेको छैन । त्यसैले, हामीले आज गम्भीरताका साथ सोच्न आवश्यक छ– हाम्रा उद्योगहरू किन अपेक्षाकृत रूपमा खुल्न र फस्टाउन सकेका छैनन् ?

आजको सन्दर्भमा, मैले माथि उल्लेख गरे बाहेक - यसको एउटा उत्तर हुन सक्छ - हाम्रा वर्तमान कानुनी ढाँचाहरू, नीतिहरु, हाम्रा राज्य संयन्त्रहरू - उद्योग-व्यवसायलाई प्रोत्साहन

र सहजीकरणभन्दा पनि नियमन र नियन्त्रण गर्ने कार्यमा बढी केन्द्रित देखिन्छन् । हाम्रो जटिल भुगोल र पूर्वाधारजन्य अड्चन पनि जिम्मेवार छन नै । हुनत अरु थुप्रै कारण छन्, त्यसको अध्ययन पनि हामीले गरेका छौं । यस विषयमा विस्तृत रुपमा छलफल गर्न सकिन्छ, आगामी दिनमा घन्टौ बहस-विमर्ष गरौंला । आज म, आर्थिक विकासको लागि अब हामीलाई आवश्यक पर्ने कानुनी आधारको विषयमा मात्र चर्चा गर्ने छु ।

अबको आर्थिक विकासको यात्रामा अर्थात हामीले भन्ने दोस्रो चरणको आर्थिक सुधारका लागि कानुनी सुनिश्चितता गर्न एउटा नयाँ नीतिको खाँचो छ । जसले उद्योग वा कलकारखाना सञ्चालनको बाटोलाई राज्यले एकोहोरो नियन्त्रण गरेर होइन, सहजीकरण र उचित नियमन गर्दै रोजगारी सिर्जनालाई फास्ट ट्र्याकमा लैजान सकोस् ।

हामीलाई थाहा छ, हाम्रो कानुन बन्ने प्रक्रिया निकै लामो छ । सरोकारवालाहरूसँग वृहत् छलफल पछि धेरै मन्त्रालय, संसद हुँदै प्रमाणीकरण गर्न र त्यसलाई लागु गर्न वर्षौं लाग्छ। त्यसमाथि, कुनै पनि दलको स्पष्ट बहुमत आउन नसक्दा बारम्बार हुने सरकार परिवर्तनले अघि बढेका विधेयक पनि बिचमै रोकिन्छन् ।

त्यसैले, तत्कालका लागि, हामीलाई यस्तो एउटा एकीकृत र विशिष्ट कानुनी आधारको आवश्यकता पर्छ जसले उद्योग स्थापना वा संचालनका क्रममा आज देखा परेका वा देखिने समस्या जस्तैः जग्गाको हदबन्दी, जग्गा प्राप्ती वातावरणीय प्रभाव मूल्याङ्कनका लम्बेतान प्रक्रिया र अन्य इन्ट्री र एक्जिटका वा अन्य प्रक्रियाका लागि आवश्यक व्यवस्थापकीय चुनौतीहरूलाई एकै ठाउँबाट सम्बोधन गर्न सकोस् । विभिन्न मन्त्रालय र निकायहरूबिचको प्रक्रियागत दोहोरोपनलाई एउटै विशेष कानुनी प्रबन्धमार्फत सरल बनाउन सकोस् र कानुनी सर्वोच्चता कायम हुन सकोस् ।

अर्थात् यसलाई सरल रुपमा भन्दा- विध्यमान कानुन वा प्रत्येक नियम किन आवश्यक छ भनेर प्रमाणित गर्ने भार सम्बन्धित मन्त्रालय वा निकायलाई नै दिने । सम्बन्धित निकायले सरोकारवालाहरूर सासदहरूसँग बृहत छलफल गरेर- कुन नियम वा कानुन किन आवश्यक छ वा छैन भन्ने औचित्य पुष्टि गर्नेछन् ।

यदि कुनै निकायले आफ्नो नियमको औचित्य पुष्टि गर्न सकेन भने स्वतः त्यो नियम खारेज हुनेछ र आजको गतिशिलता सँग मिल्ने नियम बनाउने छ । त्यसपछि, आर्थिक विकास र समृद्धिको मार्गमा बाधक बनेका दर्जनौं झन्झटिला ऐनहरूलाई ओभरराइड गर्ने वा निष्प्रभावी बनाउने र एउटा सर्वोच्च छाता कानुन (Umbrella Act) निर्माण गर्ने। आर्थिक गतिशीलतामा आउन सक्ने मुद्धा मामिलालाई यथासक्य चाडो समाधान दिन विशेष आर्थिक

अदालत वा न्यायाधिकरणको व्यवस्था गर्ने वा यस्तै अन्य सुधारका काम तत्काल गरेर अघि बढ्ने ।

यसरी तत्कालका लागि त्यस्ता पोलिसी प्यारालाइसिसको हल खोज्ने, टाइम कार्ड नै राखेर संसदबाट पास गर्ने र कार्यन्वयनमा लैजाने । त्यसपछि, त्यसलाई आधार मानेर नियमित प्रक्रियाअन्तर्गत सम्बन्धित निकायले सुधार गर्दै जाने ।

यसरी, कानुनी रूपमै उद्योगी वा व्यवसायीका लागि स्पष्ट र सरल मार्ग प्रशस्त हुन्छ तब मात्र लगानीको वास्तविक लहर सिर्जना हुन्छ । यति मात्र होइन, लगानीकर्ताले यस्ता उद्योग वा व्यवसाय संचालन गर्न आवश्यक पर्ने अन्य कानुनी प्रक्रियाका लागि आवश्यक विषयकालागि विभिन्न अड्डा धाउने समयलाई बचाउन राज्यले पहिले नै आधारभूत सुविधासहितको औद्योगिक क्षेत्र तयार गरिदिनुपर्छ। उद्यमीको समय र ऊर्जालाई प्रशासनिक अल्झनमा होइन, उत्पादन र आविष्कारमा खर्च गर्ने वातावरण बनाउनु हामी सबैको साझा लक्ष्य हुनुपर्छ ।

यी सबै गर्न मैले सुरुमा माथि चर्चा गरे जस्तै थुप्रै कानुनलाई एकै लयमा लैजानु पर्छ- जसले अन्ततः यस्तो वातावरण बनाउनेछ जहाँ उद्यागपति होस् वा निजी क्षेत्रले राज्यलाई एउटा बाधकका रूपमा होइन, बरु आफ्नो समृद्धिको वास्तविक सहजकर्ता (Facilitator) का रूपमा महसुस गर्नेछ ।

## गतिशील पुँजी र आर्थिक इकोसिस्टमको निर्माण

अब मानौँ, हामीले भने जस्तो आर्थिक वातावारण बन्यो भने त्यसलाई दिगो रुपमा चलयमान बनाउन के गर्ने ? अर्थात् हामीले आजको आर्थिक विकासलाई कसरी बुझ्ने ?

आधुनिक अर्थतन्त्रमा पुँजी स्थिर हुँदैन, यो विस्तारित भइरहन्छ । आजको गतिशील बजारमा, जब एक नवीन उद्यमीले नयाँ उद्योग, प्रविधि वा सेवा ल्याउँछ उसले नयाँ झ्यालु सिर्जना गर्छ र पहिले अस्तित्वमा नभएको धन पैदा गर्छ तर कतिपयको आरोप छ - आजको दुनियामा ठुला उद्योगपति वा व्यवसायीले बजारको नियन्त्रण गर्छन् र पुजी केन्द्रित हुन्छ । अर्थात् केहि सिमित व्यक्तिमा मात्र धन थुप्रिदै जान्छ र अरु आर्थिक रुपमा कमोजर हुदैं जान्छन् त म यस विषयमा धेरै सहमत छैन । आजको अर्थतन्त्रमा - “पुँजीको केन्द्रीकरण हुनु”को अर्थ त्यो पुँजी “मृत” वा “अनुत्पादक” भएर थन्किनु होइन । त्यो कतै न कतै लगानी हुन्छ । अझ, म राज्यले ध्यान यसमा मात्र दिनु पर्दछ भन्छु कि उक्त लगानीको प्रतिफल समाजका सबै वर्गमा कसरी पुऱ्याउने र भूइ तहमा रहेका नागरिकलाइ पनि सोही प्रकारको प्रतिस्पर्धी कसरी बनाउने भन्नेमा केन्द्रित हुनु पर्दछ । यसका विषयमा म एकैछिन पछि चर्चा गर्ने छु ।

अब फेरी- मुख्य विषयमा फर्किऔँ ।

जब “पुँजीले मूल्य सिर्जना” गर्छ तब एकातिर त्यसले बजारमा नयाँ वस्तु, सेवा र अवसर प्रदान गर्छ भने अर्कोतर्फ “अवसरहरूको शृङ्खला ” उत्पन्न गर्छ र त्यसलाई विस्तार गरेर अझ वृहत् आर्थिक चक्र (इकोसिस्टम) तयार गर्छ- जहाँ पहिले अस्तित्वमै नरहेका थप लाखौँ नयाँ रोजगारी र अवसरहरू जन्मन्छन् ।

उदाहरणका लागि, एक सफल उद्यमीसँग भएको ठुलो पुँजी जब नयाँ उद्योग वा प्रविधिमा लगानी हुन्छ त्यसले हजारौँलाई रोजगारी दिन्छ, राज्यलाई कर र समाजलाई आधुनिक सुविधा प्रदान गर्छ । यहाँ, पुँजीको आकारभन्दा पनि त्यसको “उपयोगिता र उत्पादकत्व” महत्वपूर्ण हुन्छ । सिर्जनशील पुँजीले व्यक्तिको सम्पत्ति मात्र बढाउँदैन, आर्थिक विस्तार मार्फत सामज र सिङ्गो राष्ट्रको सामर्थ्यलाई फराकिलो बनाउँछ । अर्कोतर्फ, यसले एउटा मुख्य सफलताबाट अनेकौँ सहायक सम्भावनाहरूको ढोका खोल्छ र बिस्तारै वृहत् आर्थिक चक्र तयार गर्छ ।

यसलाई अझ गहिरिएर बुझौ, हामीले प्रयोग गर्ने युट्युब वा सामाजिक सञ्जाल जस्ता प्लेटफर्महरूलाई हेरौँ । यस्ता सफ्टवेयर निर्माताले आर्थिक उपार्जन मात्र होइन, मिडिया र विज्ञापनको दुनियाँलाई समेत लोकतन्त्रीकरण गरिदिएका छन् । आज एउटा दुर्गम गाउँको युवाले आफ्नै प्रतिभालाई आफैले बोकेको एउटा मोबाइल मार्फत विश्व बजारमा पुर्याएर डलर आर्जन गरिरहेको छ । यसरी हेर्दा, हिजोका परम्परागत मिडिया संरचनामा यस्तो अवसर असम्भव प्रायः थियो । कुनै व्यक्तिले आफ्नो कला वा विचार दुनियाँसामु राख्न ठुला मिडिया हाउसहरूको महँगो प्रसारण प्रविधि वा पहुँचवालाको सिफारिस जस्ता पर्खालहरू पार गर्नुपर्थ्यो ।

त्यसैगरी, नेपालकै सन्दर्भमा हेर्दा पनि, पठाओ वा इनड्राइभर जस्ता राइड-सेयरिङ एपहरूले लाखौँ युवाहरूका निजी सवारी साधनलाई 'उत्पादनको औजार' मा बदलिदिएका छन् । एकातिर राइडरहरूले प्रत्यक्ष आम्दानी गरिरहेका छन् भने अर्कोतिर यसले हाम्रा स्थानीय टायर पसल, वर्कसप र पेट्रोल पम्प जस्ता उद्योगहरूमा समेत गतिशीलता ल्याएको छ ।

दराज वा फुडमान्डु जस्ता ई-कमर्स र डेलिभरी प्लेटफर्महरूले साना र मझौला उद्यमीहरूका लागि डिजिटल बजारको ढोका खोल्दा गल्लीभित्रका साना पसल वा रेस्टुरेन्टहरूले महँगो सडक किनारमा सटर भाडामा नलिईकन हजारौँ ग्राहकसम्म आफ्नो सेवा पुर्‍याउन र आफ्नो व्यापार विस्तार गर्न सफल भएका छन्।भने कम तिर्न सक्ने क्षमता भएका उपभोक्ताले सस्तोमा वस्तु तथा सेवा उपभोग गर्न पाएका छन् । अर्कोतर्फ तिनको प्रचार गरेर टिकटक रिल्स मार्फ कन्टेन्ट क्रेटरहरुले समेत आय आर्जन गरेका छन् ।

यसैगरी, जब पुँजीले प्रविधिसँग हातेमालो गर्छ यसले परम्परागत आर्थिक अवरोधहरूलाई भत्काउँदै 'अवसरहरूको लोकतन्त्रीकरण'गर्दछ। भौगोलिक सिमानाहरू मेटाएर गाउँको कुनामा रहेको सीपलाई विश्व बजारसँग जोड्छ भने निष्क्रिय रहेका निजी सम्पत्तिलाई उत्पादनको औजारमा रूपान्तरण गर्दै समाजको भुइँ तहसम्म लाभको हिस्सा पुऱ्याउँछ ।

त्यसैले, आजको समयमा पुँजी भनेको ज्ञान, सीप र उद्यमशीलताबाट 'सिर्जना' गरिने असीमित सम्भावना हो। यसको मूल आधार नै मानवीय आर्थिक स्वतन्त्रता र नवप्रवर्तन हो ।

हिजो धनी हुन वा पुँजी निर्माण गर्नका लागि हजारौं बिघा जमिन वा सुनको भण्डार चाहिन्थ्यो । यस्तो बस्तु सीमित हुन्थ्यो र एउटाले लिँदा अर्कोको घट्थ्यो तर आज, मार्क जुकरबर्ग वा बिल गेट्स जस्ता व्यक्तिहरूले आफ्नो 'बौद्धिक पुँजी' र 'नयाँ विचार' (नवप्रवर्तन) मार्फत आर्थिक साम्राज्य खडा गरेका छन्। उनीहरूले बनाएको सफ्टवेयर र प्रविधिले उनीहरूलाई त अर्बपति बनायो नै सँगसँगै विश्वभरि लाखौं मानिसलाई रोजगारी दियो र अरबौं मानिसको जीवन सहज बनायो । यदि सरकार वा समाजले उनीहरूको प्रतिभा र प्रगतिलाई साँगुरो बनाउने सोच राखेको थियो भने सायदै आज हामी डिजिटल युगमा प्रवेश गर्ने थिएनौं। त्यसैले आजको युगमा धन वा पुँजी भौतिक वस्तुमा मात्र होइन मानिसको मस्तिष्कमा छ र जति त्यसको प्रयोग गर्न सकिन्छ उति चांडै आर्थिक प्रगतिको मार्ग तय गर्न सकिन्छ । अर्कोतर्फ एउटाले उपभोग गर्दा अर्कालाइ कुनै असर नपर्ने एगदष्अि न्ययम/ल्बतचगर्बा न्ययमक जस्तो उत्पादन थप्दै लागेको छ ।

त्यसैले, नेपाली कांग्रेसले अर्थतन्त्रको विस्तार राज्यको नियन्त्रणबाट होइन मानिसको असीमित सिर्जनशीलता र उद्यमशीलताको जगमा मात्र सम्भव छ भन्ने तथ्यलाई आत्मसाथ गरेर आफ्नो आर्थिक नीति तय गर्नेछ। जहाँ श्रमको उचित सम्मान र नवप्रवर्तनको प्रतिफल सुनिश्चित हुन्छ त्यहाँ मात्र वास्तविक र दिगो आर्थिक प्रगति सम्भव छ ।

र, यस्तो नीतिको सुन्दर पक्ष भनेकै स्वस्थ प्रतिस्पर्धा हो । विश्व बजारमा छिटो-छिटो नयाँ र उन्नत प्रविधिहरू भित्रिनुको मुख्य कारण नै प्रतिस्पर्धीहरू बिचको दौड हो। एउटाले राम्रो उत्पादन ल्याउँदा अर्कोले त्यो भन्दा उत्कृष्ट र सस्तो ल्याउने प्रयास गर्छ । यही प्रतिस्पर्धाले गर्दा उनीहरू आफैंभित्र निखारिँदै जान्छन् र समाजलाई निरन्तर सुधार भएको (एडभान्स) सेवा-सुविधा उपलब्ध गराउँछन् ।

यदि यो प्रतिस्पर्धा हुँदैनथ्यो भने आज हामीले हातमा बोक्ने स्मार्टफोन होस् वा उपचारमा प्रयोग हुने एक्सरे मेसिन, यति छिटो र सस्तोमा उपलब्ध हुने थिएनन् । यसरी बजारमा हुने प्रतिस्पर्धा र निजी क्षेत्रको गतिशीलताले नै सेवा वा बस्तुको गुणस्तर बढाउँछ र मूल्य घटाउँछ।

अन्ततः यस गतिशीलताको प्रत्यक्ष लाभ समाजको पिंधसम्म रहेका आम उपभोक्तालाई पुग्छ ।

लोकतान्त्रिक समाजवादः नागरिकको आर्थिक सुरक्षा कवच' को ग्यारेन्टी

मैले माथि समान्य रुपमा विषय उठान गरेको थिए - गतिशील बजारलाई समृद्धिको संवाहक मानिरहँदा यसले निम्त्याउन सक्ने चुनौतीहरू वा यसमाथि उठेका प्रश्नहरू, जस्तै गरिब र धनीबीचको फराकिलो खाडल बढेको, प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहन भएको, सार्वजनिक सेवाको उपेक्षा गरिएको भन्ने जस्ता संसारभरी उठेका सवाल र चासो प्रति हामी निकै सचेत छौं । यी प्रश्न स्वाभाविक छन् र यसलाई सम्बोधन गर्न मुख्यतः राज्यको भूमिका महवपूर्ण हुन्छ।

त्यसैले नेपाली कांग्रेसले अन्धाधुन्ध बजार होइन बरु राज्यको सक्रिय सहजीकरण तथा नियमनकारी भूमिका र बलियो सामाजिक सुरक्षासहितको उत्तरदायी बजार प्रणालीको विकासमा केन्द्रित हुनेछ। हाम्रो नीतिले बजारलाई पूर्ण रूपमा खुला छाडेर सामाजिक न्यायलाई कमजोर पार्न दिँदैन। बरु, आधारभूत नागरिक अधिकार प्रत्याभूति गर्न शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक क्षेत्रलाई व्यापारको वस्तु मात्र हुनबाट जोगाएर राज्यको दायित्वभित्र ल्याउनेछ।

राज्यले यहाँ एक सन्तुलित र दोहोरो भूमिका निर्वाह गर्नु अपरिहार्य हुन्छ। एकातिर, राज्यले निष्पक्ष अभिभावकको रूपमा सबै नागरिकका लागि 'समान अवसर' को ग्यारेन्टी गर्दै पहुँचवालाले होइन, क्षमतावान्ले अवशर पाउने बलियो कानुनी वातावरण बनाउनुपर्छ। अर्कोतिर, जो ऐतिहासिक वा आर्थिक कारणले बजारको दौडमा सामेल हुनै नसक्ने अवस्थामा छन् अर्थात आर्थिक रुपमा कमजोर छन्, तिनलाई प्रतिस्पर्धामा उत्रिन योग्य बनाउन राज्यले विशेष टेवा दिनुपर्छ। यसका लागि राज्यले आधारभूत स्वास्थ्य र गुणस्तरीय शिक्षालाई सबैको पहुँचमा पुर्‍याउनुपर्छ भने पुँजीको अभावमा खुम्चिएका विपन्न वर्गलाई उद्यमशील बनाउन सहुलियतपूर्ण ऋण, अनुदान र अन्य संरक्षणकारी योजनाहरू मार्फत माथि उकास्नुपर्छ।

अर्थात, यसलाई हामीले भन्ने समाजवाद सँग जोडेर हेर्दा, २१औं शताब्दीको प्रजातान्त्रिक समाजवाद भनेको नागरिकको कमाइ वा सफलतामा छत (Ceiling) लगाएर उसलाई नियन्त्रण गर्नु होइन; मानिस आफ्नो खुबीले जति पनि माथि उड्न र आकाश छुन स्वतन्त्र हुनुपर्छ। तर, राज्यको अनिवार्य दायित्व भनेको एउटा यस्तो बलियो भुइँ (ँयियच) निर्माण गर्नु हो जसले गर्दा समाजको कुनै पनि नागरिक, चाहे ऊ जतिसुकै कमजोर किन नहोस्, ऊ मानवीय अभाव, भोक र अशिक्षाको खाडलमा खस्न नपरोस्।

अझ सरल रुपमा भन्दा, यस प्रणाली र व्यवस्थामा राज्य आफैं खेलाडी बनेर जुत्ता वा सिमेन्ट कारखाना चलाउँदैन, बरु एउटा निष्पक्ष र कठोर रेफ्री बनेर सुरक्षित लगानीको वातावरण

बनाउँछ । कुनै विपन्न वा पछि परेको नागरिक वा समुदाय वा उसको  सन्तानलाई पनि उचित शिक्षा र स्वास्थ्य सेवा दिएर उनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने योग्य नागरिक बनाउने हुनुपर्दछ ताकि उनीहरू आफैँले आफ्नो र राष्ट्रको भविष्य निर्माण गर्न सकुन् ।

विशेषगरी नेपालको सन्दर्भमा, जहाँ ऐतिहासिक सामाजिक संरचना र विभेदका कारण दलित, महिला र विभिन्न सीमान्तकृत समुदायहरू अझै पनि आर्थिक मूलधारको 'पिंध' मा छन्, उनीहरूलाई केवल बजार खुला छ, प्रतिष्पर्धा गर भनेर मात्र पुग्दैन । यी समुदायलाई 'सक्षम प्रतिस्पर्धी' बनाएर मूलधारमा ल्याउन राज्यले शिक्षा, स्वास्थ्य र स्रोतसाधनमा अग्राधिकार वा विशेष सहुलियत दिनु आवश्यक छ । जबसम्म राज्यले पिंधमा रहेका वर्गलाई हात समातेर माथि ल्याई अरूसँगै प्रतिस्पर्धा गर्न सक्ने बनाउँदैन, तबसम्म न त गरिबी हट्छ, न त समाजमा व्याप्त असमानताको खाडल नै पुरिन्छ । त्यसैले, हाम्रो लडाइँ सापेक्षिक असमानता भन्दा बढी 'निरपेक्ष गरिबी' विरुद्ध केन्द्रित हुनुपर्छ ।

त्यसैले मलाइ के लाग्छ भने समाजमा कोही मानिस आफ्नो क्षमताले धनी हुनु समस्या होइन, समस्या त कोही नागरिक आधारभूत आवश्यकताबाट वञ्चित रहनु हो। तसर्थ, राज्यको भूमिका "सबैलाई बराबर बनाउने" होइन, "सबैलाई अवसरमा समान पहुँच" दिने हुनुपर्छ।अर्थात नसक्नेलाइ राज्यले बलियो संरक्षण दिने र सक्नेलाइ प्रतस्पर्धाको उचित वातावरण दिने हो ।

जब हामी नतिजाको समानता खोज्छौं, हामीले मानिसको काम गर्ने जाँगर र प्रतिभालाई मार्छौं तर जब हामीले अवसरको समानता सुनिश्चित गर्छौं, तब एउटा सामान्य व्यक्तिले पनि आफ्नो बुद्धि र पसिनाको बलमा साम्राज्य खडा गर्न सक्छ। उद्यमशीलताको जगमा उभिएको अर्थतन्त्रले नै मानिसलाई आफ्नो भाग्य आफैं लेख्ने स्वतन्त्रता दिन्छ । त्यसैले, अबको आर्थिक गन्तव्य भनेको राज्यले नियन्त्रक भएर होइन, सहजकर्ताको भूमिका खेल्ने र खुल्ला बजार अर्थतन्त्रमार्फत राष्ट्रिय पुँजीको आकार बढाउने उदार लोकतान्त्रिक बाटो हो ।

आर्थिक कूटनीतिको पुनरुत्थान

हामीले माथि उठान गरेको विषय नितान्त हाम्रो आन्तरिक सुधार गर्नु पर्ने सवाल र हामीले लिने नीति तथा त्यो नीतिको केन्द्रमा को हुन्छ, कसको भूमिका के हुन्छ भन्ने बिषयमा आफ्ना धारणा राखें - यसलाई फेरी पनि एक वाक्यमा भन्नु पर्दा- नेपाली कांग्रेसले अर्थतन्त्रको विस्तार राज्यको नियन्त्रणबाट होइन मानिसको असीमित सिर्जनशीलता र उद्यमशीलताको जगमा मात्र सम्भव छ भन्ने तथ्यलाई आत्मसाथ गरेर आर्थिक विकासको गति अघि बढाउनेछ । यो गतिलाई वास्तविक रुपमा कार्यान्वयन गर्न मैले सुरुमा चर्चा गरे जस्तै हाम्रो नितान्त आन्तरिक सुधार र प्रतिवद्धता मात्रले पुग्दैन ।

यो विषय हाम्रो राष्ट्रिय आर्थिक नीति र आर्थिक कुटनीति  कस्तो हुने भन्ने सन्दर्भ सँग पनि जोडिन्छ ।  त्यसैले हामीले कोर्ने आर्थिक विकासको मोडेल र गतिलाई कार्यान्वयन गर्न हामीलाई  अबको नेपालको आर्थिक कुटनीतिलाइ- राष्ट्रिय हितलाई उच्च प्रथामिकतामा राखेर आर्थिक "विकास र समृद्धि" का लागि केन्द्रित हुनुपर्दछ। यसका लागि नेपालले आफूलाई "भू-आर्थिक पुल" (Geo–economic Bridge) को रूपमा प्रस्तुत गर्नुपर्छ।

हाम्रो उद्यमशीलता र व्यापारलाई विस्तार गर्न र सूचना प्रविधिको क्षेत्रमा विश्व बजारसँग जोडिन अबको हाम्रो प्राथमिकता हुनुपर्छ। राजनीतिक दलहरूबीच  आर्थिक कुटनीतिमा न्यूनतम साझा सहमति खोज्नु पर्दछ । साथै, प्रवासी नेपाली समुदाय (म्ष्बकउयचब) लाई राष्ट्र विकासको साझेदार बनाउँदै उनीहरूको ज्ञान, सीप र पुँजीलाई कूटनीतिक माध्यमबाट भित्र्याउने ठोस नीति अवलम्बन गर्नु पर्छ । अर्थात्, नेपालको कूटनीतिको केन्द्रबिन्दु अब अनिवार्य रूपमा आर्थिक कूटनीति हुनुपर्छ; जसको मूल उद्देश्य मुलुकलाई आर्थिक समृद्धि तर्फ उन्मुख गराउनु हुनेछ ।

एक्काइसौं शताब्दीको शक्ति भनेको विज्ञान र प्रविधि हो ।  तसर्थ, हाम्रो नीतिले  विकसित मुलुकहरूबाट केवल आर्थिक ऋण मात्र होइन, अत्याधुनिक प्रविधि (Technology Transfer) र ज्ञानको हस्तान्तरणलाई प्राथमिकतामा राख्नुपर्छ । केवल विदेशी सहायता ( Aid) मा निर्भर रहने परम्परा तोडेर व्यापार (Trade) र लगानी (Investment) भित्र्याउने नीति निर्माणमा नेतृत्व गर्नुपर्छ ।  त्यसैले, अबको कूटनीतिमार्फत हामीलाई आवश्यक पर्ने - कृत्रिम बौद्धिकता (AI), नवीकरणीय ऊर्जा, आधुनिक कृषि प्रणाली र बायोटेक्नोलोजी जस्ता क्षेत्रमा हाम्रो स्तर उकास्न र सहकार्यका ढोकाहरू खोल्नुपर्छ ।

विश्वव्यापीकरणले सिर्जना गरेका अवसरहरूलाई राष्ट्रिय हितमा प्रयोग गर्न "नलेज एण्ड स्किल डिप्लोमेसी" (Knowledge and Skill Diplomacy) को अवधारणा हामीले अघि सार्नुपर्छ । विदेशमा रहेका प्रतिष्ठित विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसँग सहकार्य गर्दै नेपाली युवाहरूलाई उच्च शिक्षा र विशिष्ट सीप हासिल गर्ने अवसर सिर्जना गर्न सक्नु पर्छ ।  साथै, विदेशमा आर्जन गरेको ज्ञान र सीपलाई स्वदेश फर्काएर राष्ट्र निर्माणमा लगाउने (Brain Gain) वातावरण बनाउन विशेष कार्यक्रम ल्याउन पर्छ। पुँजीको विकास तथा आदानप्रदानलाई सहज बनाउन द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता जस्ता संयन्त्रहरूलाई राष्ट्रिय हित अनुकुल परिमार्जन गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

हाम्रा दूतावासहरूलाई “व्यापार प्रवर्द्धन केन्द्र” को रूपमा विकास गर्दै बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा लगानी गर्न आकर्षित गर्ने, लगानीमैत्री कानुनहरूको ग्यारेन्टी गर्ने र “डुइङ बिजनेस” (Doing Business) को वातावरण सुधार गर्ने ठोस कार्ययोजना कूटनीतिको अभिन्न अङ्ग बनाउनु पर्दछ । नेपालमा उत्पादन हुने वस्तुको अन्तर्राष्ट्रिय बजार सुनिश्चित गर्न र विश्व आपूर्ति शृङ्खलामा नेपाललाई जोड्न आर्थिक कूटनीतिको नयाँ अध्याय सुरु गर्नुपर्छ ।

आदरणीय आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू,

समृद्धिको यो महान् यात्रा कुनै एउटा दलको हार वा जीतको विषय मात्र होइन, यो त प्रत्येक नेपालीको आत्मसम्मान र हाम्रा सन्ततिको उज्ज्वल भविष्यको साझा सङ्कल्प हो।

आज तपाईं जुनसुकै राजनीतिक विचारधारा वा दलप्रति आस्था राख्नु भएको भए पनि आज देशले खोजेको आर्थिक पुनर्जागरणका लागि एउटा प्रष्ट र वैज्ञानिक मार्गचित्र अनिवार्य भइसकेको छ । यसकालागी, नेपाली कांग्रेसले अघि सारेको यो उत्पादनमुखी तथा ज्ञानमा आधारित अर्थतन्त्रले सबैलाई समान अवसर र पछाडी पारिएका समुदायलाई दरिलो साथ् अर्थात् सामाजिक सुरक्षाको प्रत्याभूति दिनेछ ।

तसर्थ, नेपाली कांग्रेसको यो आर्थिक नेतृत्वलाई एकजुट भएर साथ-सहयोग दिन र एउटा बलियो आर्थिक प्रणाली र दिगो समृद्धिको जग बसाल्न तपाइले दत्तचित्त भएर हाम्रो अभियानमा जोडिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

जय नेपाल